# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जमुनबारीम झापा, कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

## विज्ञापन एजेन्सी छनोट सम्बन्धी

## शिलबन्दी दरभाउपत्र फाराम

**सम्झौता संकेत नं.: KANAKAI/SQ/S/2081/82-01**

**जारी मिति: २०८१/०४/२१**

Scanned with CamScanner

खण्ड १: शिलबन्दी दरभाउपत्र आह्वानको सूचना


# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जमुनबारी झापा, कोशी प्रदेश, नेपाल
फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com


## विज्ञापन एजेन्सी छनोटको लागि विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०८१/०४/२१

१. कनकाई नगरपालिका मार्फत आ.व. २०८१।८२ मा प्रकाशन हुने सूचनाहरु प्रकाशनको लागि बिज्ञापन एजेन्सी छनोट तथा सेवा खरिद कार्यको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार सम्पूर्ण दरभाउपत्रदाताहरुको जानकारीको लागि विद्युतीय शिलबन्दी दरभाउपत्र (Electronic Sealed Quotaion) आह्वान गरिन्छ।

२. खरिद सम्बन्धी विवरणहरुः-

| क्र.सं. | सम्झौता संकेत नं.: | शिलबन्दी दरभाउ पत्रको विवरण | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति तथा समय | शिल्बन्दी दरभाउपत्र मान्य हुने अवधी | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI /SQ/S/2081 /82-01 | विज्ञापन एजेन्सी छनोट | २०८१।०५।०३ साँझ ५:०० बजे सम्म | २०८१।०५।०४ मध्यान्ह १२:०० बजे | दरभाउपत्र खोल्ने दिनबाट ४५ दिन | रु. ५०,०००।- | ७५ दिन |

३. शिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताहरुले थप जानकारी लिन वा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात हेर्न नगरपालिकामा सम्पर्क गर्न सकिनेछ वा विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) बाट प्राप्त गर्न सकिनेछ।

४. शिल्बन्दी दरभाउ सम्बन्धी कागजात खरिद गर्न शिलबन्दी दरभाउपत्र कागजातको दस्तुर रु.१०००।- यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा, राजस्व खाता नं.: १४७०३०००००१००१००००००१ मा जम्मा गर्नुपर्नेछ र जम्मा गरेको सक्कल भौचरको स्क्यान प्रति विद्युतीय शिलबन्दी दरभाउपत्र साथ पेश (Upload) गर्नुपर्नेछ।

५. तोकिएको मिति र समय भित्र प्राप्त भएका दरभाउपत्र सोहि दिनको अपरान्ह १२:३० बजे उपस्थित हुन चाहने दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्रप्त भएका दरभाउपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन।

६. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

७. दरभाउपत्रसाथ माथिको तालिकामा उल्लेख भए बमोजिम दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त दरभाउपत्र जमानतको मान्य हुने अवधी दरभाउपत्रको मान्य हुने अवधी भन्दा कम्तिमा ३० दिन बढी अवधी सम्मको हुनुपर्नेछ।

८. शिलबन्दि दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी सक्कल भौचरको स्क्यान प्रति विद्युतीय शिलबन्दी दरभाउपत्र साथ पेश (Upload) गर्नुपर्नेछ।

९. एक दरभाउपत्रदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र दरभाउपत्र पेश गर्न पाउनेछ । कुनै दरभाउपत्रदाताले एक भन्दा बढी दरभाउपत्र पेश गरेको अवस्थामा त्यस्तो दरभाउपत्रहरु मान्य हुनेछैन।

१०. नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै दरभाउपत्रदातालाई कालोसूचीमा राखी दरभाउपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता दरभाउपत्रदातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म दरभाउपत्र पेश गर्न ग्राह्य हुनेछैन।

११. दरभाउपत्र सम्बन्धी कागजातमा रहेका कुनै बिषयमा स्पष्ट हुन चाहने इच्छुक दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

१२. दरभाउपत्रदाताले पेश गर्ने दरभाउपत्रमा निम्न कागजातहरु बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ।

क. **कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:**
- **सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्‌देश्य खुल्ने कागजातको प्रतिलिपि समेत)**
- **उल्लेखित कार्य गर्न इजाजत आवश्यक पर्ने भए सम्बन्धित निकायबाट जारी इजाजत पत्र**
- **स्थायी लेखा (PAN) तथा मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र**
- **आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्र**

ख. **दरभाउपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)**

ग. **अख्तियारी पत्र (दरभाउपत्रमा संचालक बहेको हस्ताक्षर भएमा)**

घ. **अंकित मूल्य सूची (कबोल रकम)**

१३. दरभाउपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ।

१४. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न सक्ने छैनन्।

१५. पेश भएका दरभाउपत्रको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सबै भन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र छनौट गरिनेछ।

१६. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा आफुले कवोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।

१७. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने वा दरभाउपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण दरभाउपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा दरभाउपत्रदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन।

१८. नगरपालिकाले दरभाउपत्र स्वीकृतिको जानकारी **"स्वीकृतिपत्र वा "दरभाउपत्र स्वीकृतिको सूचना"** मार्फत स्वीकृत वा छनौट भएको दरभाउपत्रदातालाई र अन्य सबै सहभागी दरभाउपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ।

१९. सम्झौता भए पश्चात कार्यदेश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ।

२०. प्रस्तावित कार्यको निमित्त छनौट भएको दरभाउपत्रदाता दरभाउपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो दरभाउपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२१. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## Scope of Service (विज्ञापन सेवा खरिदका कार्य क्षेत्रगत शर्तहरु)

| | |
|---|---|
| १ | प्रकाशन हुने सूचनाको सामान्य डिजाईन छनोट भएको एजेन्सीले गर्नु पर्नेछ। सूचनाको डिजाईन गर्दा सम्भव भए सम्म सानो आकारको, त्रुटि रहित, प्रस्ट, स्पस्ट, पढ्नयोग्य तथा बुझ्नयोग्य हुनुपर्नेछ । |
| २ | सूचनाको प्रकाशन गर्नु पूर्व एजेन्सीले तयार पारेको डिजाईन नगरपालिकावाट पूर्व स्वीकृति लिएर मात्र प्रकाशन गर्नु पर्नेछ। तयार भएको डिजाईन ईमेल मार्फत नगरपालिकामा पठाएको कम्तिमा १ घण्टा भित्र नगरपालिकावाट एजेन्सीलाई जानकारी नगराईएमा उक्त डिजाईनलाई नगरपालिकाले स्वीकृति प्रदान गरिएको मानिनेछ। |
| ३ | अर्को दिनको लागि प्रकाश हुने सूचना नगरपालिकाले अपराहन्न ८:०० बजे सम्म उपलब्ध गराउन सक्ने छ।सो समय सम्म प्राप्त सूचना नगरपालिकाले तोकेको सञ्चार माध्ययममा प्रकाशन गर्नु पर्ने छ। उल्लेखित समयपश्चात प्राप्त सूचनाको प्रकाशन हुन नसक्ने भए सोको पूर्व जानकारी नगरपालिकालाई गराउनु पर्नेछ। |
| ४ | प्रकाशन गर्नु पर्ने सूचनाको उत्पादन तथा प्रकाशनगृह वा प्रकाशन संस्था वा पत्रिका छनोट गर्ने कार्य खरिद कर्ता (नगरपालिका) को हुनेछ। |
| ५ | एजेन्सी वा प्रकाशन माध्यमको कारणले प्रकाशन भएको सूचनामा कुनै त्रुटि भएमा, प्रकाशन नभएमा, नगरपालिकाले तोके भन्दा फरक सञ्चारमाध्यममा प्रकाशन भएमा नगरपालिकाले उपलब्ध नगराएको सूचना प्रकाशन भएमा सोको जवाफदेहीता सम्वन्धित एजेन्सीको हुने छ। उल्लेखित अवस्थाका कारण पुन प्रकाशन वा संशोधनको सूचना प्रकाशन गर्ने दायित्व समेत सम्वन्धित एजेन्सीको हुनेछ। |
| ६ | त्रुटिपुर्ण प्रकाशन तथा सोको कारण हुने पुन वा संशोधन सूचना प्रकाशन बापतको भुक्तानी नगरपालिकाबाट हुने छैन। |
| ७ | सम्पन्न भएको प्रकाशन बापत भुक्तानी योग्य विवरण तथा कर विजक प्राप्त भएको मितिले सामान्यतया ३० दिन भित्रमा नगरपालिकाले सम्वन्धित एजेन्सीलाई भुक्तानी गर्ने छ। नगरपालिकाको कावुवाहिरको परिस्थिति भएमा प्रकाशन वापतको भुक्तानी अवधी बढ्न सक्ने छ। भुक्तानी पूर्व सूचना प्रकाशन भएको आकार (CC) जाँच गरी यथार्थमा तथा विजकमा समान्ता भए नभएको नगरपालिकाले जाँच गर्नेछ। वास्तविक आकार (CC) र बढी आकार (CC) को भुक्तानी दावी भएको प्रमाणित भएमा उक्त विजक अस्वीकृत गरिने छ। |
| ८ | भुक्तानीमा अग्रिम कर कट्टी TDS तथा मु.अ.कर कट्टी प्रचलित ऐन/नियम अनुसार हुनेछ। |
| ९ | प्रकाशनगृहले आफ्नो सञ्चार माध्यम मार्फत सार्वजनिक गरेको आधारभुत दररेट लागु हुने छ। भने एजेन्सीले कबोल गरेको छुट दर एक वर्षको लागि मान्य हुनेछ। एजेन्सीको कार्यसम्पादन सन्तोषजनक भएमा थप एक वर्षको लागि म्याद थप हुन सक्नेछ तथा छुट दर र अन्य शर्तहरु साविक सम्झौता बमोजिम हुनेछ। |

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | |
|---|---|
| १० | प्रकाशनगृहले सार्वजनिक गरेको आधारभुत दररेट परिवर्तन भएमा सोको प्रमाण सम्बन्धित एजेन्सीले पेश गर्नु पर्नेछ। |
| ११ | छनोट भएको एजेन्सीले शनिवार एवं सार्वजनिक विदाको दिनमा समेत सेवा प्रदान गर्नु पर्नेछ। तर विदाको समयको सेवा आवश्यक हुने भएमा सोको पूर्वजानकारी नगरपालिकाले एजेन्सीलाई गराउनेछ। |
| १२ | प्रकाशन हुने सूचना नगरपालिकाले पत्र, ईमेल, फोन वा अन्य सामाजिक सञ्जाल मार्फत समेत उपलब्ध गराउन सक्नेछ। |
| १३ | सम्पूर्ण कार्यको लागि नगरपालिकाले निर्धारण गरेको मूल्याङ्कनको आधारमा मूल्याङ्कन गरी सबै भन्दा वढी औषत छुट प्रस्ताव गर्ने जम्मा एक एजेन्सी छनोट गरिने छ तर छुट प्रस्ताव अस्वभाविक फरक भएमा फरक फरक पत्रिकाका लागि छुट्टाछुट्टै वा केही एजेन्सीहरु समेत छनौट गर्न नगरपालिकाकलाई कुनै वाधा गर्ने छैन। |
| १४ | फरकफरक प्रकाशनगृहको अस्वभाविक फरकफरक छुट प्रस्ताव गरी एजेन्सी छनोट भएमा वढी छुट प्रस्ताव गर्ने प्रकाशनमा वढी सूचना प्रकाशन गर्न र थोरै छुट प्रस्ताव गर्ने प्रकाशनमा थोरै सूचना प्रकाशन गर्न वा सूचना प्रकाशन नगर्न समेत सकिनेछ । |
| १५ | जुनसुकै अवस्थामापनि एजेन्सी बाहेक सूचना प्रकाशन गर्ने संस्थासँग सोझै कारोबार गर्न नगरपालिकालाई कुनै बाधा पर्ने छैन। |
| १६ | एजेन्सीले सम्झौता वमोजिम कार्यसम्पादन नगरेमा वा सम्झौताको उल्लङ्घन गरेमा कार्यसम्पादन जमानत जफत गरी सम्झौताको अन्त्य तथा कानुन वमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा सिफारिस गर्न सकिनेछ। |
| १७ | खरिदका अन्य शर्तहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ। |

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

# Price shedule for Seeervices

| SN | Name of National Dailly Newspaper | Totel Discount rate % in figure | Total Discount rate % in words |
|---|---|---|---|
| 1 | गोरखा पत्र | | |
| 2 | कान्तिपुर | | |
| 3 | हिमालय टाईम्स | | |
| 4 | नागरिक | | |
| 5 | नयाँपत्रिका | | |
| 6 | अन्नपूर्ण | | |
| 7 | कारोबार | | |
| 8 | अभियान | | |
| 9 | आर्थिक | | |
| 10 | नेपाल समाचार पत्र | | |
| 11 | राजधानी | | |
| 12 | सौर्य | | |
| 13 | पुर्वाञ्चल दैनिक | | |
| 14 | ईजलास दैनिक | | |
| 15 | Republice | | |
| 16 | The Himalayan Times | | |
| 17 | The Kathmandu Post | | |
| 18 | The Rising Nepal | | |
| | | | |

**Note:- Service provider may add and insert their dicount rate for all available national dailly newspaper of Nepal.**

**Singned.................** **Name:- ....................................**

**Position .......................** **date ..............**

Scanned with CamScanner